# विश्व व्यापार सङ्गठन र सामुदायिक वन उद्यम

**दिलराज खनाल**

## पृष्ठभूमि

संस्कृतमा "अमन्त्र मक्षरं नास्ती, नास्तिमूल मनौषधम्; अयोग्य पुरुषः नास्ति, योजकस्त्रत दुर्लभः" भन्ने एउटा श्लोक छ, जसको नेपाली अर्थ हुन्छः "मन्त्र नभएको अक्षर हुँदैन, औषधी नभएको वनस्पति हुँदैन र योग्यता नभएको व्यक्ति हुँदैन खालि समायोजनको खाँचो हुन्छ ।" यो समायोजन गैह्रकाष्ठ वन पैदावारको व्यवसायमा पनि सान्दर्भिक हुन्छ । खासगरी समुदायमा आधारित वन उद्यमहरुले आफ्नो उत्पादनको व्यापारका लागि स्थानीय तहदेखि राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय तहसम्मका विभिन्न विषयमा गर्नुपर्ने आवश्यक समायोजन गर्न सकिरहेका छैनन् जसको कारणले गर्दा भोग्नु परिरहेका अप्ठ्याराहरु धेरै हुन सक्छन् । यस लेखमा खासगरी नेपाल २३ मार्च २००४ मा विश्व व्यापार सङ्गठनको सदस्य भईसके पछि त्यसबाट नेपालका स्थानीय समुदायमा आधारित वा अन्य घरेलु वन उद्यमहरुका सामुमा के कस्ता कानुनी अवसर र चुनौतीहरु सिर्जना भएका छन् भन्ने बारेमा सामान्य समीक्षा गर्ने प्रयास गरिएको छ ।

प्रशोधित वा अर्धप्रशोधित वन पैदावार एवम् वन पैदावारमा आधारित वस्तुहरुको विश्व बजारलाई थुप्रै बहुपक्षीय वा बहुराष्ट्रिय व्यापार संझौताहरुले आफ्नो कानुनी दायरा र नियम भित्र राख्दै गएका छन् । त्यसैले अबका दिनहरुमा वन उद्यमका उत्पादनहरुको व्यापार स्थानीय वा राष्ट्रिय कानुनको विषयका अलावा बहुपक्षीय वा बहुराष्ट्रिय व्यापार संझौताद्वारा सिर्जित अन्तर्राष्ट्रिय कानुनको विषय बन्न पुगेको छ । यस्तो अवस्थामा खासगरी प्राथमिक उद्देश्य व्यापार नभए पनि प्रशस्त मात्रामा वन पैदावारको उत्पादन गर्ने हाम्रा जस्ता स्थानीय समुदायका वन (सा.व.) उद्यमहरुले पनि अन्तर्राष्ट्रिय कानुन एवम् विश्व व्यापार सङ्गठन अन्तर्गत रहेका कैयौं बहुपक्षीय वा बहुराष्ट्रिय व्यापार संझौताहरुबाट सिर्जित अधिकारको उपयोग र दायित्वको बहन गर्नुपर्ने हुन्छ । त्यसैले विश्व व्यापार सङ्गठनका अधारभूत सिद्धान्त, प्रणाली र प्रावधानहरु स्थानीय समुदायमा आधारित वन उद्यमका समेत सरोकारका विषय बन्न पुगेका छन् ।

## वैदेशिक बजारमा नेपाली वन उद्यमका उत्पादनहरुको स्थान

भारतीय भू-भाग र चीनको तिब्बती क्षेत्रमा नेपालका वन पैदावारहरु व्यापारिक प्रयोजनका लागि ओसार-पसार गर्ने परम्परा निकै पुरानो छ यद्यपि वन पैदावार व्यापारका पुराना परम्पराहरुलाई प्रत्येक पछिल्ला नयाँ द्विपक्षीय सम्झौताहरुले विस्थापित गर्दै लगेका छन् । वन पैदावारको व्यापारमा संलग्न रैथाने समुदायको स्थान अब बाह्य एवम् ठूलो क्षेत्रका निजी र सङ्गठित कम्पनीहरुले लिइरहेका छन् जसले गर्दा वन व्यवस्थापन गर्दै वन पैदावारको उत्पादन गर्ने स्थानीय समुदायले यस क्षेत्रमा कसरी आफ्नो अर्थपूर्ण उपस्थिति देखाउने भन्ने बारेमा गम्भीर हुनु पर्ने अवस्थाको सिर्जना भएको छ । यी दुई मुलुक बाहेक अन्य देशहरुमा पनि नेपालबाट हालसम्म ठूलै मात्रामा नेपाली वन पैदावार र त्यसमा आधारित उत्पादनहरु निर्यात हुने गरेका छन् जसको केही विवरण निम्न अनुसार रहेको छ ।

| सि.नं. | वन पैदावार | देश |
|---|---|---|
| १ | जीवित रुपमा जरा वा फूल सहितका विरुवा | अमेरिका, अष्ट्रेलिया, जापान |
| २ | सजावटका लागि विरुवा/वनस्पति | जर्मनी, अष्ट्रेलिया, अमेरिका |
| ३ | गुच्छिच्याउ | फ्रान्स |
| ४ | तेजपात, दालचिनी | भारत, अमेरिका |
| ५ | अत्तर बनाउनको लागि | भारत, ब्राजिल, पाकिस्तान, इटाली, जर्मनी, रसिया, तिब्बत, बोलिभिया, |

| | | |
|---|---|---|
| | आवश्यक पर्ने वनस्पति र सुगन्धित तेल | दक्षिण अफ्रिका, बंगलादेश, संयुक्त अरव इमिरेट, दक्षिण कोरीया, जापान, स्वीजरल्याण्ड |
| ६ | प्राकृतिक गम, खोटो, बेत, बाँस, देवदार काठ | भारत |
| ७ | जाम, जुस | भारत, तिब्बत, बेलायत |
| ८ | प्लाईउड | थाइल्याण्ड |
| ९ | ऐना तथा फोटो राख्न र चित्र बनाउने काठ | इजरायल, न्यूजिल्याण्ड, स्वीडेन, बेलायत, सिंगापुर, नर्वे |
| १० | झ्यालको लागि काठ | अमेरिका, जापान, हङकङ, स्वीजरल्याण्ड, बेलायत, संयुक्त अरव इमिरेट, इजरायल, लक्जेम्वर्ग, स्पेन, नेदरल्याण्ड, इटाली |
| ११ | ढोकाको लागि काठ | जापान, डेनमार्क, फ्रान्स, जर्मनी |
| १२ | भान्साको लागि प्रयोग हुने काठ | तिब्बत, अष्ट्रेलीया, जापान, अमेरिका |
| १३ | नेपाली हाते कागज | फिनल्याण्ड, जापान, भारत, जर्मनी, साउदी अरब, नेदरल्याण्ड, मेक्सिको, इटाली, आयरल्याण्ड, ग्रीक, बेलायत, इजरायल, अमेरिका, चीन, स्वीजरल्याण्ड, क्यानडा, बेल्जियम, अष्ट्रेलीया, फ्रान्स, दक्षिण अफ्रिका, इजिप्ट, स्पेन |
| १४ | काठका फर्निचर | स्पेन, रसिया, साउदी अरव, सिङ्गापुर, तिब्बत, ताइवान, कुवेत, दक्षिण अफ्रिका, जापान, अमेरिका, स्वीजरल्याण्ड, क्यानडा, अष्ट्रेलीया, पोर्चुगल, भारत, जर्मनी, फिनल्याण्ड, फ्रान्स, बेलायत, इटली, स्वीडेन |
| १५ | प्राकृतिक मह | थाइल्याण्ड, दक्षिण अफ्रिका, उत्तर र दक्षिण कोरिया, जापान, फ्रान्स र भारत |

स्रोत : HMG/N, Ministry of Finance, Department of Customs, Foreign Trade Statistics FY 2002/03

उल्लेखित विवरण भन्सार विभागले प्रत्येक वर्ष तयार गर्ने वैदेशिक व्यापारको तथ्याङ्क सम्बन्धी प्रतिवेदनमा आधारित रहेको छ जुन अन्तराष्ट्रिय प्रचलनमा रहेको हार्मोनाइज्ड कोडलाई अङ्गिकार गरी बनाइएको हुन्छ । यसमा नेपाल जस्ता मुलुकहरुबाट परम्परागत रुपमा निकासी हुने थुप्रै वनजन्य उत्पादनको विवरण संलग्न भएको हुदैन । यसरी जब कुनै पनि देशका वन पैदावार वा त्यसमा आधारित वस्तुहरुको विश्वका विभिन्न मुलुकमा व्यापार हुन्छ त्यहाँ निश्चय पनि राज्यहरु बीच भएका व्यापार सम्बन्धी द्विपक्षीय, बहुपक्षीय र बहुराष्ट्रिय सम्झौताहरुद्वारा सिर्जित कानुनी अधिकार र दायित्वको कुरा अगाडि आइ नै हाल्छ । यस्तो अवस्थामा नेपाल बहुमूल्य वन पैदावारलाई अब कानाकौडीमा फ्याँक्ने कि करोडौं रुपैयाँ पार्ने भन्ने कुरा विश्व व्यापारसँग जोडिएको वन पैदावारको व्यापारको समायोजनमा निर्भर गर्छ ।

## विश्व व्यापार सङ्गठनः विकास, व्यवस्था र छुट

दोस्रो विश्वयुद्ध पश्चात् युद्धका कारण ध्वस्त भएको विश्वको दयनीय आर्थिक अवस्थालाई पुनर्जीवन दिनको लागि अन्तर्राष्ट्रिय आर्थिक क्रियाकलाप र व्यापारलाई सहयोगात्मक आर्थिक नियमभित्र समेट्ने क्रममा नै विश्व व्यापार सङ्गठनको जन्म र विकास हुन पुगेको देखिन्छ, जसको विकासक्रममा भएका महत्वपूर्ण घटनाक्रमहरु निम्न अनुसार रहेका छन् ।

| सन् | घटनाक्रमको विकास |
|---|---|
| १९४७ | व्यापार र रोजगार सम्बन्धी पहिलो जेनेभा वार्ता |
| १९४८ | भन्सार र व्यापार सम्बन्धी आम संझौता (जि.ए.टि.टि.) |
| १९४९ - १९७९ | दोस्रो (१९४९, अनेसी-फ्रान्स), तेस्रो (१९५०, टोर्के -बेलायत), चौंथो (१९५६, जेनेभा), पाँचौं (१०६०-६१, डिल्लोन), छैंठौं (१९६४-६७, केनेडी), सातौं (१९७३-७९, टोकियो) वार्ताहरु |

| | |
|---|---|
| १९८६-१९९३ | १. उरुग्वे वार्ता सम्पन्न भई सहमति भएका सन्धिहरु एकीकृत रुपमा अन्तिम कानुनको रुपमा तयारी गरिएको,<br>२. वस्तु व्यापारका अलावा सेवा व्यापार, बौद्धिक सम्पत्तिको अधिकार र व्यापार सम्बद्ध लगानीका सम्बन्धमा समेत संम्झौताहरुको निर्धारण भएको,<br>३. बहुराष्ट्रिय सङ्गठनको रुपमा विश्व व्यापार सङ्गठनको स्थापना गर्ने निर्णय भएको । |
| १९९५ | विश्व व्यापार सङ्गठनको विधिवत् स्थापना भएको । |

स्रोत : www.wto.org

**अवधारणा एवम् सिद्धान्तहरुः** विश्व व्यापार सङ्गठनका आधारभूत अवधारणा र सिद्धान्तहरु निम्न अनुसार रहेका छन् ।

ज्ञ। अति सौविध्यपूर्ण व्यवहारः कुनै पनि मुलुकहरुबाट आयात गरिने मालसामानहरुमा भन्सार महसुल र अन्य व्यापारिक कानुनहरुको सम्बन्धमा राष्ट्रहरुका बीच फरक-फरक व्यवहार र भेदभाव गर्न पाईंदैन ।

द्द। राष्ट्रिय व्यवहारः आयात गरिएका सामान भन्सारबाट देशभित्र प्रवेश गरिसकेपछि समान गुणस्तरको त्यस्तो विदेशी सामान र स्वदेशी सामानका लागि आन्तरिक कर, दस्तुर वा अन्य कानुनी नियमहरुका सम्बन्धमा पक्षपात, भेदभाव वा फरक व्यवहार गर्न पाईंदैन ।

घ। स्वदेशी उत्पादनको संरक्षणः विश्व व्यापार सङ्गठनले खुला र उदार व्यापारलाई आत्मसात् गरेको भएता पनि भन्सार महसुलको माध्यमबाट स्वदेशी उत्पादनलाई पनि संरक्षण दिन सकिने कुरालाई पनि आत्मसात् गरेको छ ।

द्ध। भन्सार महशुल कटौतीः सदस्य राष्ट्रहरुले आ-आफ्नो स्थितिको आधारमा भन्सार महशुल कटौती गर्नु पर्छ । आर्थिक सुशासन र व्यापारिक पारदर्शिताको लागि सहुलियतहरुको सूचीकरण गर्नुपर्छ ।

**सम्झौताहरुः** विश्व व्यापार सङ्गठनको स्थापना गर्ने क्रममा उरुग्वे वार्ताद्वारा १९९४ मा सम्झौता भएका प्रमुख कानुनी लिखतहरु निम्न अनुसार रहेका छन् ।

ज्ञ। अनुसूची-१(क) : वस्तु व्यापार सम्बन्धी बहुपक्षीय सम्झौताहरु (भन्सार र व्यापारसम्बन्धी आमसम्झौता; कृषि; मानव, पशु र वनस्पति स्वास्थ्य सुरक्षा; बस्त्र र पोशाक; व्यापारका प्राविधिक बन्देज; एन्टी डम्पिङ्ग; भन्सार मूल्यांकन; व्यापार सम्बन्धित लगानीका उपायहरु; उत्पत्तिको नियम; आयात इजाजतपत्रको प्रक्रिया; अनुदान र समिकारक उपायहरु; हित संरक्षण आदि सम्बन्धी सम्झौताहरु)

द्द। अनुसूची-१(ख) : सेवा व्यापार सम्बन्धी आमसम्झौता

घ। अनुसूची-१(ग) : व्यापार सम्बद्ध बौद्धिक सम्पदाको अधिकारसम्बन्धी सम्झौता

द्ध। अनुसूची - २ विवाद निराकरणको प्रक्रियावारे समझदारी

छ। अनुसूची - ३ व्यापार नीतिको समीक्षा प्रणाली

ट। अनुसूची - ४ बहुराष्ट्रिय व्यापार संझौताहरु (बायुयानको व्यापार, सरकारी निकायबाट हुने मालसामान खरिद, दुग्ध सामग्री, गाईको मासु आदि सम्बन्धी संझौता)

स्रोत : www.wto.org

उल्लेखित संझौताहरु बाहेक उरुग्वे मन्त्रीस्तरीय बैठकबाट यी विषयहरु एवम् व्यापार र वातावरण सम्बन्धी विषयहरुमा विभिन्न निर्णय र घोषणाहरु समेत भएका छन् ।

विश्व व्यापार सङ्गठन अन्तर्गत रहेका उल्लेखित सबै सम्झौताहरु कुनै न कुनै रुपमा व्यापारसँग नै सम्बन्धित रहेका छन् । यी सम्झौताहरु मध्ये "व्यापार सम्बद्ध बौद्धिक सम्पदाको अधिकार सम्बन्धी सम्झौता" सबैभन्दा विवादास्पद सम्झौताको रुपमा रहेको छ । यस संझौताले जीवनको प्रकार अर्थात आनुवंशिक/जैविक प्रविधिद्वारा तयार गरिएका सूक्ष्म जीवाणुहरुमा पेटेन्ट प्रदान गर्न सकिने व्यवस्था गरेको छ जुन कुरा जैविक प्रविधि, औषधी, कृषि, रसायन र बीउँसग सम्बन्धित बहुराष्ट्रिय कम्पनीहरुको हितमा मात्र रहेको छ ।

त्यसैगरी वन पैदावार र त्यसमा आधारित वस्तुहरुको व्यापारका सम्बन्धमा मुख्य रुपमा वस्तु व्यापार सम्बन्धी बहुपक्षीय सम्झौता अन्तर्गत रहेका 'मानव, पशु र वनस्पति स्वास्थ्य सुरक्षा सम्बन्धी सम्झौता' (एस.पि.एस.), 'व्यापारका प्राविधिक बन्देज सम्बन्धी सम्झौता' (टि.वि.टी.) र 'कृषि सम्झौता' (ए.ओ.ए.) रहेका छन् । कृषि सम्बन्धी सम्झौता अन्तर्गत कृषिजन्य वस्तुहरुको अलवा खाद्य वस्तुहरुलाई पनि समावेश गरिएकोले वन पैदावारको माध्यमबाट उत्पादन गरिने सबै खाद्य वस्तुहरुलाई यसै सम्झौताले समेटेको छ । त्यसैले वनजन्य खाद्य वस्तुहरुको व्यापारका सम्बन्धमा यस सम्झौताका व्यवस्थाहरु नै आकर्षित हुने देखिन्छ । अतः यी संझौताहरु मध्ये एस.पि.एस., टि.वि.टी. र ए.ओ.ए. मा रहेका मुख्य व्यवस्थाहरु निम्न अनुसार रहेका छन् ।

| सम्झौताहरु | मुख्य व्यवस्थाहरु |
|---|---|
| मानव, पशु र वनस्पति स्वास्थ्य सुरक्षासम्बन्धी सम्झौता (एस.पि.एस.) | १. खाद्य पदार्थको प्रदूषणबाट मानिस, पशु वा जीवनको सुरक्षा गर्ने,<br>२. स्वास्थ्य वा जीवनमा नकारात्मक असर पर्छ भन्ने प्रमाणित भएका वस्तुहरुको आयात निर्यातमा प्रतिबन्ध लगाउने । |
| व्यापारका प्राविधिक बन्देज सम्बन्धी सम्झौता (टि.बि.टी.) | १. खाद्य सुरक्षा, पशु स्वास्थ्य र बाली संरक्षणकोलागि अन्तर्राष्ट्रिय स्तरको गुणस्तर मापदण्ड अनुसारको व्यापार हुनुपर्ने,<br>२. मानिस, पशु वा जीवनको सुरक्षा व्यापारमा प्रतिकूल हुने अन्तर्राष्ट्रिय व्यापारमा आवश्यक रोक वा सुरक्षात्मक युक्तिहरु अपनाउन सक्ने । |
| कृषिसम्बन्धी सम्झौता (ए.ओ.ए.) | १. खुला बजार नीति अनुरुप परिमाणात्मक बन्देज, आयात इजाजतपत्र आदी हटाउने<br>२. आन्तरिक सहयोग अन्तर्गत केही कुराहरुमा अनुदान तथा विशेष छुट भए पनि निषेध गरिएका अनुदानहरु घटाउने,<br>३. निर्यात अनुदान कटौती गर्ने । |

**छुट एवम् सहुलियतः** विश्व व्यापार सङ्गठन अन्तर्गत रहेका सम्झौताहरुको एउटा आधारभूत सिद्धान्त भनेको सबै राष्ट्रहरुलाई विना भेदभावपूर्ण व्यवहार कायम गर्नु हो भने अर्को महत्वपूर्ण विशेषता भनेको विशेष एवम् पृथक व्यवहार पनि हो जस अन्तर्गत अतिकम विकसित तथा विकासशील मुलुकहरुका लागि मुक्ति वा विशेष छुट, प्रतिवद्धतामा छुट वा ढिलो कार्यान्वयन र विशेष सहुलियत जस्ता कुराहरु पर्दछन् । यसै क्रममा नेपाल जस्ता अतिकम विकसित मुलुकहरुले यी सम्झौता अन्तर्गत प्राप्त गर्न सकिने विशेष व्यवस्था वा छुटहरु निम्न अनुसार रहेका छन् ।

| सम्झौताहरु | विशेष सहुलियतसम्बन्धी व्यवस्थाहरु |
|---|---|
| मानव, पशु र वनस्पति स्वास्थ्य सुरक्षासम्बन्धी सम्झौता (एस.पि.एस.) | १. नीति नियम निर्माण गर्दा अतिकम विकसित मुलुकहरुको हितलाई ध्यान दिनुपर्ने<br>२. यस्ता मुलुकहरुलाई सम्झौता लागू गर्ने म्याद ५ वर्षसम्म हुने । |
| व्यापारकाप्राविधिक बन्देजसम्बन्धी सम्झौता (टि.बि.टी.) | १. कम विकसित मुलुकहरुले आफ्नो आवश्यकता र अनुकुलता हेरी लागू गर्न वा नगर्न छुट पाउने,<br>२. यस्ता मुलुकहरुको विकाससँग मेल खाने स्वदेशी प्रविधि वा उत्पादन विधिलाई जगेर्ना गर्ने नियम, गुणस्तर वा परीक्षण विधिलाई प्रयोग गर्न पाउने । |
| कृषिसम्बन्धी सम्झौता (ए.ओ.ए.) | १. आन्तरिक सहयोग घटाउने अनिवार्यताबाट मुक्ति,<br>२. अनुदान कटौती गर्ने प्रतिवद्धतामा छुट । |

## संझौताहरुको अवसर र चुनौती

वस्तु तथा सेवा व्यापारका लागि विश्व व्यापार सङ्गठनका सम्झौताहरु एकातर्फ ठूला अवसरहरु हुन् भने अर्कोतर्फ कठिन चुनौती पनि हुन् । नेपालको सन्दर्भमा खासगरी समुदायमा आधारित वन उद्यमहरुका लागि विश्व व्यापार सङ्गठनका सम्झौता र त्यसको अभ्यासलाई हेर्दा निम्न अवस्था रहेको देखिन्छ ।

| सवल पक्ष | कमजोरी |
|---|---|

| | |
|---|---|
| नेपालमा खाद्यवस्तु र अन्य प्रयोजनको लागि उपयोग हुने वन पैदावार पर्याप्त मात्रामा रहेको । | वन पैदावार प्रशोधनको लागि आवश्यक पूँजी, ज्ञान, सीप र अन्तर्राष्ट्रिय मापदण्ड अनुसारको प्राविधिक क्षमताको कमी |
| अवसर<br>सम्झौताहरुको कार्यान्वयन अवधिमा छुट, विशेष व्यवस्था र सहुलियतहरुको उपयोग गर्न पाइने । | चुनौती<br>गैह्र आर्थिक बन्देजको अधिक मूल्याङ्कनद्वारा उच्च भन्सार दर र वनजन्य खाद्य वस्तुहरुको गुणस्तर परीक्षणको नियन्त्रणात्मक व्यवस्था |

**आंशिक अंगीकारः एक्शनएड, नेपाल,** २००२

उल्लेखित अवस्थाहरु कसरी सिर्जना भएका छन् भन्ने बारेमा पुष्टि गर्नको लागि हाम्रो वर्तमान अवस्था र हामीले भोगेका चुनौतीहरुको विश्लेषण गर्नु उपयुक्त हुन्छ ।

**वन पैदावारको व्यापारिक उत्पादनः** नेपालबाट वैदेशिक बजारमा व्यापार गर्ने उद्देश्यले वन पैदावारहरुको सङ्कलन भए पनि प्रशोधन भने निकै कम हुने गरेको कुरा तथ्याङ्कहरुले देखाउँछ । सीमित मात्रामा हुने यस्तो प्रशोधन र यसको व्यापारिक कार्यमा स्वदेशी तथा विदेशी निजी क्षेत्रका कम्पनी वा उद्योगहरुको नै बाहुल्यता रहेको स्पष्ट नै छ यद्यपि विगत केही वर्षदेखि सा.व. का वन पैदावारहरुको माध्यमबाट समुदायमा आधारित वन उद्यमहरुले पनि वन पैदावारमा आधारित खाद्य वस्तु र अन्य उपयोगका वस्तुहरु उत्पादन गर्दै आएका छन् । निम्न प्रयासहरुले यस क्षेत्रमा पाइला चालेको देखाउँछ ।

| समुदायमा आधारित वन उद्यम | वस्तुहरु |
|---|---|
| गागनखोला सा.व.उ.स, सिरहा (सम्बाला हर्वल एरोमेटिक इन्डस्ट्रिज प्रा.लि.) | लेमनग्रासः वनस्पति तेल र खाने तेल |
| १० वटा सा.व.उ.स, धनकुटा (लेउतीफेदी जडीबुटी प्रशोधन सहकारी संस्था) | लेमनग्रासः वनस्पति तेल र खाने तेल |
| सा.व.का वन पैदावारमा आधारित त्रिपुरासुन्दरी जडीबुटी संरक्षण तथा प्रशोधन प्रा.लि., डोल्पा | जटामसीको सुगन्धित वनस्पति तेल |
| सा.व.का वन पैदावारमा आधारित हुम्ला आयल प्रा.लि., हुम्ला | वनस्पति तेल |
| सा.व.का वन पैदावारमा आधारित देउढुङ्गा बहुउद्देशीय सहकारी संस्था, दोलखा | धसिंगरेको वनस्पति तेल |
| जडीबुटी प्रशोधन उद्योग (जडीबुटी संरक्षण तथा उपयोग सहकारी संस्था), पाल्पा | तेजपातको वनस्पती तेल र खाने तेल |
| सा.व. हरुका लालीगुँरास हर्वल सर्वत उत्पादन समिति, डडेल्धुरा | लालीगुँरास/काफलः सर्वत |
| सा.व.को वेलमा आधारित सामाजिक जडीबुटी उत्पादन उद्योग, लाहन - सिरहा | बेलको सर्वत |
| सा.व.उ.महासङ्घ, नेपाल, जिल्ला शाखा, रामेछाप | बेलको सर्वत |

यस बाहेक निम्न वस्तुहरु पनि कुनै न कुनै रुपमा सा.व. का वन पैदावारमा आधारित रहेर उत्पादन भएको देखिन्छ ।

| समुदायमा आधारित वन उद्यम | वस्तुहरु |
|---|---|
| विनायक पिमीडाँडा सा.व.(मालिका हाते कागज उद्योग), बझाङ | नेपाली हाते कागज |
| भीमेश्वर हाते कागज उद्योग, दोलखा | नेपाली हाते कागज |
| भित्तेरी सा.व. (अर्गेली प्रशोधन उद्योग) दोलखा | अर्गेलीको कागज |
| गौखुरेश्वर सा.व., काभ्रेपलान्चोक | अर्गेलीको बोक्रा |
| सती कर्णाली सा.व., कैलाली | बेत |
| रानी सा.व., हेटौडा, मकवानपुर | बाँसका सामान |
| रारा साबुन उद्योग, बझाङ | समूहको वन पैदावारमा आधारित सावुन उत्पादन |

स्रोत : फेकोफन, २०६१, एन्साव, २००३

यसरी समुदायमा आधारित विभिन्न वन उद्यमहरुले माथि उल्लेखित वन पैदावारमा आधारित खाद्य वस्तु वा अन्य वस्तुहरुको उत्पादन गर्न सुरु गरेको भए पनि बढी मात्रामा यस्ता वस्तुहरुको खपत स्थानीय एवम् राष्ट्रियस्तरमा नै हुने गरेको छ । त्यस्तै नेपालको व्यापारिक क्षेत्रमा रहेको अपारदर्शी संरचना एवम् शैलीका कारणले यस्ता वस्तुहरुमध्ये नेपालबाट विदेशमा के कति मात्रामा निर्यात भए भन्ने वास्तविक तथ्याङ्क फेला पार्न कठिन हुन्छ र यो एउटा अध्ययनकै विषय बन्न सक्छ ।

हालसम्म नेपालबाट विदेशमा निकासी हुने वनजन्य खाद्य वस्तुहरुको निर्यातमा यस्ता समुदायमा आधारित वन उद्यमहरु भन्दा पनि निजी क्षेत्रका कम्पनी एवम् उद्योगहरु नै अग्रपङ्तीमा रहेका छन् भन्ने प्रशस्त आधारहरु रहेका छन् । यस क्रममा वन पैदावारमा आधारित उद्यमहरुले पालना गर्नुपर्ने कानुनी व्यवस्थाहरुका बारेमा रहेका अनभिज्ञताका कारणले कतिपय वन उद्यमहरुका बीचमा यस्ता वन पैदावारहरुको ब्राण्ड र ट्रेडमार्कको विषयलाई लिएर विवाद भएको पनि पाइएको छ । स्थानीय स्तरमा त यस्तो विवादाष्पद अवस्था देखापरेको छ भने अन्तर्राष्ट्रिय कम्पनीहरुसँग प्रतिस्पर्धा गर्दा यस्ता विषयमा स्थानीय वन उद्यमहरुले निश्चय पनि थुप्रै विषयमा सचेत हुनुपर्ने देखिन्छ ।

**राष्ट्रिय कानुनी व्यवस्था र संरचनाः** हुन त नेपालमा नेपाल अधिराज्यको संविधान, २०४७ आइसकेपछि अवलम्बन गरिएको राज्यका निर्देशक सिद्धान्त अनुसार खुला समाजको अवधारणा र निजी तथा सार्वजनिक उद्यमलाई प्राथमिकता दिने कुराका आधारमा नेपालले आर्थिक उदारीकरणका प्रक्रियाहरु अगाडि बढाइ केही नीतिगत र कानुनी व्यवस्थाहरु गरिसकेको छ तथापि नेपाल विश्व व्यापार सङ्गठनको सदस्य हुने क्रममा जनाएको प्रतिवद्धता अनुसार पनि कम्तीमा ३५ वटा कानुनहरुको नयाँ तर्जुमा वा संशोधन गर्नुपर्ने अवस्था रहेको छ । यस अन्तर्गत कृषिजन्य खाद्य वस्तु र वनजन्य खाद्य वस्तु सम्बन्धी कानुनहरु पनि पर्दछन् । जस्तैः

(क) मानव, पशु र वनस्पति स्वास्थ्य सुरक्षासम्बन्धी सम्झौता (एस.पि.एस.) सँग सम्बन्धित कानुनहरु

१. विरुवा संरक्षण ऐन, २०२९ र नियमावली, २०३१
२. खाद्य ऐन २०२३ र नियमावली २०२७
३. दाना ऐन, २०३३, र नियमावली, २०४१
४. जीवनाशक विषादी ऐन, २०४८ र नियमावली, २०५०
५. पशु स्वास्थ्य एवम् पशु सेवा ऐन, २०५५ र नियमावली, २०५६

(ख) व्यापारका प्राविधिक बन्देजसम्बन्धी सम्झौता (टि.वि.ए.) र कृषिसम्बन्धी सम्झौता (ए.ओ.ए.) सँग सम्बन्धित कानुनहरु

१. नेपाल गुणस्तर (प्रमाण चिन्ह) ऐन, २०३७ र नियमावली, २०४०
२. वातावरण संरक्षण ऐन, २०५३ र नियमावली २०५५
३. बीउ-बीजन ऐन, २०४५ र नियमावली, २०५४

हुन त जडीबुटी तथा गैह्रकाष्ठ वन पैदावार र त्यसमा आधारित उत्पादनहरुको व्यापार व्यवसायको विषयसँग विश्व व्यापार सङ्गठन अन्तर्गत रहेका उक्त संझौताहरुको अतिरिक्त सङ्कटापन्न जीवजन्तु तथा वनस्पतिहरुको अन्तर्राष्ट्रिय व्यापार सम्बन्धी महासन्धि (सि.आई.टि.ई.एस.) पनि उत्तिकै आकर्षित भएर आउँछ जसले यस्ता वस्तुहरुको व्यापारलाई नियमन गरिरहेको हुन्छ । नेपालको राष्ट्रिय कानुन र उक्त महासन्धिमा भएका कैयौ व्यवस्थाहरुको बीचमा थुप्रै अन्तरविरोधहरु रहेका छन् जसले समुदायमा आधारित वन उद्यमहरुलाई पनि प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा प्रभाव पारिरहेको हुन्छ । यहाँ खासगरी विश्व व्यापार सङ्गठन अन्तर्गत माथि उल्लेखित सम्झौताहरु र त्यस सम्बन्धी नेपालमा भएका कानुनहरुको सन्दर्भ रहेको हुनाले नेपालमा उल्लेखित कानुनहरुमा भएका व्यवस्था अनुसारको कार्य गर्नको लागि निम्न अनुसारका सरकारी निकायहरुको व्यवस्था गरिएको पाइन्छ ।

| निकायहरु | जिम्मेवारीहरु |
|---|---|
| खाद्य प्रविधि तथा गुणस्तर नियन्त्रण विभाग | १. आयात निर्यात गुणस्तरीयता अनुगमन, प्रयोगशाला सेवा र निर्देशन प्रदान गर्ने |
| कृषि विभाग, क्षेत्रीय बाली संरक्षण प्रयोगशाला मातहतका प्लान्ट क्वारन्टिन चेकपोष्टहरु | १. वानस्पतिक विविधता र वनस्पति स्वास्थ्यको संरक्षणको लागि जाँच गर्ने र आवश्यक प्रतिवेदन उपलब्ध गराउने । |
| नेपाल गुणस्तर तथा नापतौल विभाग | १. खाद्य तथा अन्य वस्तुहरुको गुणस्तर परीक्षण तथा निर्धारण गर्ने । |
| वनस्पति विभाग, प्राकृतिक सम्पदा अनुसन्धानशाला | १. अप्रशोधित रुपमा निकासी गर्न प्रतिबन्धित जडीबुटीहरुको सारतत्व वा तेलको विश्लेषण र सिफारिस,<br>२. अन्य जडीबुटीको सुगान्धित तेल वा सारतत्व निकासी गर्दा विश्लेषण गरी रासायनिक/जैविक तत्व प्रमाणीकरण गर्ने । |
| औषधी व्यवस्था विभाग | १. जडीबुटीजन्य आयुर्वेदिक औषधीहरुको गुणस्तर परीक्षण र सिफारिस गर्ने |
| उद्योग विभाग | १. उद्योगसम्बन्धी नीति कानुन र कार्यक्रम कार्यान्वयन, अनुगमन गर्ने<br>२. वस्तु निर्यातका लागि उत्पत्तिको प्रमाणपत्र उपलब्ध गराउने । |
| जनसंख्या तथा वातावरण मन्त्रालय | १. वातावरण संरक्षणका लागि आवश्यक नीति/कानुनको निर्माण/कार्यान्वयन । |

स्रोत : सम्बन्धित विभागका नागरिक बडापत्र र जानकारी पत्रहरु

यसरी नेपालमा भएका विभिन्न कानुनी व्यवस्था र सरकारी संरचनाहरु एकातर्फ वन पैदावारमा आधारित खाद्यवस्तु वा अन्य वस्तुहरुको आयात/निर्यात गर्नमा पर्याप्त छन् वा छैनन् र अर्कोतर्फ यी व्यवस्था र संरचनाहरुले समुदायमा आधारित वन उद्यमहरुलाई टेवा पुऱ्याउँन सक्छन् वा सक्दैनन् भन्ने बारेमा छलफल हुनु आवश्यक छ जसका आधारमा सुधारात्मक पक्षहरुको पहिचान हुन सक्छ ।

**सुधारात्मक पक्षहरुः** नेपाल विश्व व्यापार सङ्गठनको सदस्य भइसकेपछि अन्य कुराहरुका अतिरिक्त वनजन्य खाद्यपदार्थ र अन्य वस्तुहरुको निर्यात व्यापार वा आन्तरिक प्रतिस्पर्धाको मुख्य रुपमा कानुनी एवम् नीतिगत पक्ष, प्राविधिक क्षमताको विकास र गुणस्तर मापदण्ड जस्ता कुराहरुमा ध्यान दिनु आवश्यक देखिन्छ ।

यसभन्दा अगाडि नै उल्लेख गरिसकिएको छ कि वस्तुहरुको वैदेशिक व्यापार खासगरी द्विपक्षीय, क्षेत्रीय, बहुपक्षीय र बहुराष्ट्रिय आदि सम्झौताहरुमा निर्भर रहेका हुन्छन् । नेपाल भारत र चीन जस्ता वैदेशिक व्यापारमा महत्वपूर्ण भूमिका खेल्दै आएका ठूला राष्ट्रहरुको बीचमा रहेको मुलुक भएकोले यहाँको आन्तरिक तथा निर्यात व्यापार जहिले पनि चुनौतीपूर्ण अवस्थामा रहेको देखिन्छ । भारत र चीनसँगको द्विपक्षीय व्यापारका सम्बन्धमा भएका व्यापार सन्धिहरुमा गैह्र आर्थिक बन्देजको रुपमा रहेका क्वारेन्टाइन र उत्पत्तिको प्रमाणपत्रलाई अनिवार्य गरिएको छ । त्यसैगरी भारतले नेपालबाट निर्यात भएका सबै खाद्यवस्तुहरुमा मिसावट नियन्त्रणसम्बन्धी कानुनका आधारमा खाद्यवस्तु परीक्षण गर्ने गरेको छ जुन कुराले नेपालबाट भारतमा वनजन्य खाद्यवस्तु निर्यात गर्न चाहने उद्यमीहरुका लागि पनि अत्यन्त कठिनाई सिर्जना हुँदै आएको छ ।

ज्ञ। उत्पत्तिको प्रमाणपत्रः नेपालमा वन व्यवस्थापन गरिरहेका स्थानीय उपभोक्ता समूहहरुले औद्योगीकिरणको प्रक्रियामा छिर्ने सोचाइ कमै राखेका थिए यद्यपि विगत केही वर्षदेखि उपभोक्ता समूहहरुले पनि विभिन्न सहकारी संस्थाहरुको माध्यमबाट वन पैदावारमा आधारित विभिन्न खाद्यवस्तु, सुगन्धित तेल, अर्ध प्रशोधित जडीबुटी तथा अन्य विभिन्न वस्तुहरु उत्पादन गरी स्वदेशमा र विस्तारै विदेशमा बिक्री गर्न अग्रसर भएका छन् । यस क्रममा उत्पत्तिको प्रमाणपत्र प्राप्त गर्ने कुरा भने उनीहरुको लागि ठूलो समस्याको विषय बनेको छ । नेपालबाट औद्योगिक उत्पादन भएका वस्तुहरुको उत्पत्तिको प्रमाणपत्र उद्योग वाणिज्य महासङ्घको सिफारिस पत्रका आधारमा उद्योग विभागले दिने गरेको छ तर सा.व. का

वन पैदावारमा आधारित सहकारी संस्थाहरु एकातर्फ उक्त महासङ्घको सदस्य बन्न नपाउने र अर्कोतर्फ उक्त महासङ्घले आफ्ना सदस्य बाहेक अरुलाई यस्तो सिफारिस नदिने भएकोले नेपालमा ठूलो मात्रामा वन पैदावारमा आधारित सहकारी संस्थाहरुले आफ्नो उत्पादन निर्यात गर्नमा गैह्र आर्थिक अवरोधको सामना गरिरहेका छन् । चीनको तिब्बतसँगको व्यापारका सम्बन्धमा पनि यही कुरा लागू हुन्छ ।

ढ। क्वारेन्टाईन(निरोगिता) परीक्षण प्रमाणपत्रः क्वारेन्टाइन परीक्षणको विषय नेपालले भारत र चीनसँग गरेको द्विपक्षीय वाणिज्य सन्धिको विषयमात्र नभई विश्व व्यापार सङ्गठन अन्तर्गतका मानव, पशु र वनस्पति स्वास्थ्य सुरक्षा सम्बन्धी सम्झौता (एस.पि.एस.) र व्यापारका प्राविधिक बन्देजसम्बन्धी सम्झौता (टि.वि.टि.) का समेत महत्वपूर्ण पक्षहरु हुन् । यीनै सम्झौताहरुमा भएका व्यवस्थाहरु अनुसार विकसित मुलुकहरुले विकासोन्मुख मुलुकहरुबाट निर्यात हुने वस्तुहरुमा गुणस्तर परीक्षण र अन्तर्राष्ट्रिय मापदण्डको नियन्त्रणात्मक व्यवस्था अपनाई अवान्छित लाभ लिन्छन् । यसै क्रममा सबैलाई ज्ञात भएकै कुरा हो कि भारतले त्यहाँको बोटविरुवा परीक्षण ऐन, १९१४ र वातावरण संरक्षण ऐन, १९८० अनुसार नेपालबाट परम्परागत रुपमा भारत निर्यात हुने २५ भन्दा बढी खाद्य तथा कृषिजन्य वस्तुहरुमा क्वारेन्टाईन सम्बन्धी कानुनका आधारमा नियन्त्रणात्मक प्रावधान लगाउँदै आएको छ । अनौठो पक्ष त के छ भने नेपालमा पनि यस सम्बन्धी कानुनी व्यवस्था भए पनि भारतको दार्जलिङबाट निर्वाध रुपमा नेपालको वार्षिक खपतको झण्डै ५० प्रतिशत सुनगाभा विना क्वारेन्टाईन परीक्षण नेपाल भित्रिने गर्छ । त्यसैगरी औषधी निर्माणको लागि भारतबाट नेपाल आयात हुने अन्य जडीबुटीहरु पनि यसैगरी भित्रिने गरेका छन् जसले नेपालमा जडीबुटी सङ्कलन गर्ने रैथाने समुदायको जीविकोपार्जनमा समेत प्रभाव पार्न सुरु गरेको छ ।

ण। प्राविधिक मापदण्डः विश्व व्यापार सङ्गठन अन्तर्गतका सम्झौताहरु अनुसार अतिकम विकसित मुलुकहरुले स्वदेशी प्रविधिको संरक्षण गर्न पाउने भएतापनि स्वदेशी तथा विदेशी वस्तुको प्राविधिक मापदण्डहरुको कार्यान्वयन गर्दा भेदभावपूर्ण नीति अपनाउन पाईदैन । त्यसैले नेपालले वस्तु व्यापारका सन्दर्भमा प्रभावकारी प्रमाणीकरण प्रक्रिया र विश्वासनीय परीक्षण सुविधाको लागि थुप्रै कानुनी र प्राविधिक एवम् संरचनागत व्यवस्था गर्नु आवश्यक छ जसका आधारमा मात्र अन्तर्राष्ट्रिय स्तरका चुनौतीहरुको सामना गर्न सकिने छ । यदि विकसित मुलुकका मापदण्डलाई पूरा गर्न नसक्ने हो भने कुनै पनि नेपाली वस्तुहरुले बजार पाउन नसक्ने कुरा निश्चित् रहेको छ । त्यसैले यस्तो क्षमताको विकासको लागि सम्झौताहरु अन्तर्गत अतिकम विकसित मुलुकले पाउनु पर्ने प्राविधिक सहायताको लागि नेपालले समयमा नै पहल गर्नुपर्छ । यूरोप र दक्षिणपूर्वी एशियाली मुलुकमा पुगेको चिया, कफी र मह समेत त्यहाँको प्राविधिक मापदण्ड अनुसारको हुन नसकेको कारणले फिर्ता भएको घटनाबाट नेपालले ठूलै पाठ सिक्नु पर्ने भएको छ । यही अवस्था भोलिका दिनमा नेपालबाट विदेश निर्यात हुने नेपाली कागज, खाद्य तथा सुगन्धित वनस्पति तेल, सर्वत, जाम, खोटो, जडीबुटी, विरुवा, बेत, बाँस, काठ आदिमा पनि आउन नदिनको लागि समयमै सचेत हुनु आवश्यक छ ।

त। गैह्रआर्थिक बन्देजः खाद्यवस्तुका उपभोक्ताहरु यसका गुणस्तरको विषयमा स्वयम् पनि सचेत बन्दै आएका छन् । आफूले कुनै वनजन्य वस्तुको उपभोग वा उपयोग गर्दा विश्वको कुनै पनि ठाउँमा रहेको वन विनाश नहोस् र स्वास्थ्यमा पनि असर नपरोस् भन्ने चाहना हुनु स्वभाविकै हो । विश्व व्यापार सङ्गठनको कृषि सम्बन्धी सम्झौताले वन तथा कृषिजन्य वस्तुको व्यापारका लागि अनुकूल वातावरण बनाउने भनेतापनि यस सम्झौताले कतिपय गैह्रआर्थिक/गैह्रव्यापारिक विषयहरुलाई पनि आत्मसात् गरेको छ । यस अन्तर्गत वन तथा कृषिजन्य वस्तुहरुको उत्पादन गर्दा वातावरणीय संरक्षण गर्ने, भूदृष्यको सौन्दर्यता कायम राख्ने, जैविक विविधताको संरक्षण गर्ने र प्राकृतिक स्रोतहरुको दिगो व्यवस्थापन गर्ने जस्ता कुराहरु पर्दछन् । त्यसैले सरकारले स्वदेशी तथा विदेशी वनजन्य उत्पादनहरुको गुणस्तर मापदण्ड तोक्दा यसका उपभोक्ताहरुको मनस्थितिलाई पनि मध्यनजर राख्नुपर्ने हुन्छ ।

**निष्कर्ष**

नेपालमा खासगरी सा.व. व्यवस्थापन गरिरहेका समुदायमा आधारित वन उद्यमहरु के कति छन् र तिनीहरुले उत्पादन गर्ने गरेका खाद्य तथा अन्य उपभोग्य वस्तुहरु के कति छन् भन्ने बारेमा यकिन तथ्याङ्क तयार भएको पाइँदैन यद्यपि यस्ता उपभोक्ता समूहहरुले वनजन्य वस्तुहरुको उत्पादन गर्नको लागि (१) समूह आफै (२) समूहहरुकै सहकारी संस्था (३) समूहहरु मिलेर खोलेका घरेलु उद्योग (४) दर्ता गरिएका साझेदारी फर्महरु र (५) निजी क्षेत्रसँगको संयुक्त लगानीका कम्पनीहरुको माध्यमबाट कार्य गर्दै आएका छन् ।

यसरी विभिन्न प्रयासहरुबाट समुदायमा आधारित वन उद्यमहरुले विस्तारै थुप्रै वनजन्य खाद्य पदार्थ, उपभोग्य पदार्थ र अन्य वस्तुहरु उत्पादन गर्न सुरु गरेका छन् । यस्ता वस्तुहरुको बजार एकातर्फ स्वदेशमा मात्र नभई विदेशमा पनि हुन्छ भने अर्कोतर्फ यस्ता वनजन्य सामुदायिक उत्पादनहरुले प्राविधिक रुपमा स्वदेशमै पनि विदेशी वस्तुहरुसँग भेदभावरहित प्रतिस्पर्धा गर्नुपर्ने हुन्छ । यस्तो अवस्थामा हाम्रा समुदायमा आधारित वनजन्य उत्पादनहरु पनि एकातर्फ विश्व व्यापार सङ्गठन अन्तर्गतको मानव, पशु र वनस्पति स्वास्थ्य सुरक्षा सम्बन्धी सम्झौता (एस.पि.एस.) ले तोके बमोजिमको गुणस्तरका हुनु आवश्यक छ भने अर्कोतर्फ व्यापारका प्राविधिक बन्देजसम्बन्धी सम्झौता (टि.बी.टी.) बमोजिमको प्राविधिक मापदण्ड पनि निर्धारण गरी पूरा गर्नुपर्ने हुन्छ । त्यसैले हाम्रा वनजन्य उत्पादनको व्यापारलाई मजबुत बनाएर लैजाने हो भने विश्व व्यापार सङ्गठनको सन्दर्भमा अतिकम विकसित मुलुकले विशेष छुट, प्रतिवद्धतामा छुट र सहुलियत प्राप्त गरेको छ भनी चूप लागेर बस्नु उपयुक्त हुँदैन । यसका लागि समुदायमा आधारित वन उद्यम सञ्चालन गर्न प्रयासरत सा.व. उपभोक्ता समूहहरु स्वयम् र यसका सम्बन्धित सरोकारवालाहरुले पनि सरकारलाई हाम्रो व्यापारिक पहुँचको निमित्त उपयुक्त कदम चाल्नकोलागि बारम्बार सचेत गराउन र आवश्यकता अनुसार सहयोग गर्नुपर्ने पनि आवश्यकता देखिन्छ ।

**सन्दर्भ सामग्रीहरु**


एक्शनएड नेपाल, २००२: विश्व व्यापार सङ्गठनको कृषि सम्बन्धी सम्झौता र नेपाल, काठमाडौं ।

साउथ एशिया वाच अन ट्रेड, इकोनोमिक्स् एण्ड इन्भायरोमेन्टस् (सावटी), २०६१: मानव, पशु र वनस्पतिको स्वास्थ्य एवम् व्यापारका प्राविधिक अवरोधहरु सम्बन्धी सम्झौताहरुको सन्दर्भ र नेपाल, जानकारी पत्र, अङ्क २, काठमाडौं ।

श्री ५ को सरकार, उद्योग वाणिज्य तथा आपूर्ती मन्त्रालय र युएनडिपि, २०५९: विश्व व्यापार सङ्गठन र नेपाल, विश्व व्यापार सङ्गठनमा नेपालको सम्मेलन, काठमाडौं, नेपाल ।

कान्तिपुर दैनिक, कात्तिक ४, २०६१, काठमाडौं, नेपाल ।

नेपाल हर्ब्स तथा हर्बल उत्पादक सङ्घ, २०६१: प्राकृत, त्रैमासिक, वर्ष २, अंक ३, काठमाडौं, नेपाल ।

वन स्रोत अध्ययन तथा कार्य समूह (फरेष्टएक्सन), २०६१: हाम्रो वन सम्पदा, वर्ष २, अंक ३, काठमाडौं, नेपाल ।

दिगो कृषि तथा जैविक स्रोतका लागि एशियाली नेटवर्क (एन्साब),२०६०: अखवारमा गैह्रकाष्ठ वन पैदावार, काठमाडौं, नेपाल

Sharing Experience on WTO Accession Negotiation, HMG/N, actionaid Nepal, Law Associates Nepal, 2004, Kathmandu, Nepal

Asia Network for Sustainable Agriculture and Bioresources (ANSAB), 2003: Workshop Proceeding of NTFP in Nepal, National Policy Workshop, Kathmandu, Nepal

Nepal Herbs and Herbal Products Association, 2004: Nepales Herbs and Herbal Exporter Directory, Kathmandu, Nepal

HMG/N, Ministry of Finance, Department of Customs, 2003: Foreign Trade Statistics, Kathmandu, Nepal

www.wto.org, December 3, 2004


(लेखक वन उपभोक्ता महासंघमा कार्यरत हुनुहुन्छ)